# लेखापरीक्षण प्रतिवेदन

## मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/174

श्रीमान् अध्यक्षज्यू,

मानेभञ्ज्याङ गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, ओखलढुङ्गा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/174

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान अध्यक्षज्यू,

मानेभञ्ज्याङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

ओखलढुङ्गा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ गरि रू. १ अर्ब १९ करोड २ लाख ४६ हजार लेखापरीक्षण गर्दा रु. ३ करोड ४८ लाख ४० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ६ लाख ६८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ५२ लाख ६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १७ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु. २ करोड २५ लाख ८१ हजार र पेश्की बाँकी रु. ४६ लाख ८८ हजार गरी जम्मा रु. ३ करोड ४२ लाख ९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १० करोड ७३ लाख ५९ हजार मध्ये यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.१४ करोड १५ लाख ६८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६५ | २५५ | ३,४८,४०,७७५ | ० | ७ | ६,६८,६८५ | ३७,३९२ | ६५ | २४८ | ३,४२,०९,४८२ | ५२,०६,२७१ | २,२५,८०,५३४ | १७,३४,३८८ | ० | ० | २,४३,१४,९२२ | ४६,८८,२९० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | १०,७३,५९,३८६ | ० | ० | १०,७३,५९,३८६ | ० | ३,४२,०९,४८२ | १४,१५,६८,८६८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ४५.१ | सामाजिक सुरक्षा | ९६,९०४ |
| २ | २०८१/८२ | ४३.३ | शिक्षातर्फ | ५,००,००० |
| ३ | २०८१/८२ | २८.१, २८.२ | राजस्व | ७१,७८१ |
| जम्मा | | | | ६,६८,६८५ |

# मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा

# ( ८०११०५०४३०० )

# मानेभञ्ज्याङ गाउँपालिका , ओखलढुंगा

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा गाउँसभा सदस्य ४८ जना, ९ वडारहेको छ भने क्षेत्रफल १४६.६१ वर्ग किलोमिटर तथा १९५९७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०४ देखि २०८२।०५।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय तथा व्ययतर्फ रु. १ अर्ब १९ करोड २ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २,५७,५८८।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | दम्मरी माया मगर बढी तलब भुक्तानी | २५४०६८ |
| २ | सामाजिक सुरक्षा तर्फ | ३५२० |
| जम्मा | | २५७५८८ |

२ **एकीकृत वित्तीय विवरण**

| सि.नं | आयतर्फ | | | सि. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | नं | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | | ३२४१२१५६२.३२ |
| | क) नगद | - | - | २ | पूँजीगत खर्च | | ८९६६९२६२.०० |
| | ख) बैंक | | ३९०८१८७४.०५ | ३ | वित्तिय व्यवस्था भुक्तानी | | - |
| | ख.१. स्थानीय सञ्चित कोष | २७३६२९१२.०४ | | ४ | धरौटी फिर्ता | | ३१८९२४०.०० |
| | ख.२. विविध खर्च | २४०५८८९.४४ | | ५ | विषयगत निकाय खर्च | | १११०३९०१३.०० |
| | ख.३. प्रकोप व्यवस्थापन कोष | ७४५८८५.८६ | | | क) सामाजिक सुरक्षा | १०९१७४०१३.०० | |
| | ख.४. धरौटी | ८५६७१८६.७१ | | | ख) विद्यालय शिक्षा क्षेत्र | ५१००००.०० | |
| २ | राजस्व ( आन्तरिक आय) | | ९२७५७००५.२८ | | ग) स्वास्थ्य क्षेत्र सुधार | १३५५०००.०० | |
| | क) आन्तरिक राजस्व | ६५०२७४१.३४ | | ६ | कोष फिर्ता | | १३७४९२०५.२१ |
| | ख) राजस्व बाँडफाँड | ८६२५४२६३.९४ | | | क) विविध खर्च | ८०२७०८९.२१ | |
| | ग) अन्य आय | | | ७ | ख) प्रकोष व्यवस्थापन कोष | ५७२२११६.०० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३४७३९२०४०.०० | ८ | अन्य खर्च (सडक बोर्ड) | | ७२००००.०० |
| | क) वित्तिय समानीकरण अनुदान | ८०६५७०४०.०० | | १० | शसर्त अनुदान फिर्ता | | ५१६५४८३२.१२ |
| | ख) सशर्त अनुदान | २३३२३५०००.०० | | | क) संघीय सरकार | ४४९०३०५७.१२ | |
| | ग) समपूरक अनुदान | ५००००००.०० | | | ख) प्रदेश सरकार | ६७५१७७५.०० | |
| | घ) विशेष अनुदान | २८५०००००.०० | | ९ | मौज्दात | | ४१०४१९५६.३१ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २७३१३०००.०० | | क) बैंक मौज्दात संचित कोष | २९३५७७६०.४२ | |
| | क) वित्तिय समानीकरण अनुदान | ५२७३०००.०० | | | ख) नगद मौज्दात | २१५४०.४६ | |
| | ख) सशर्त अनुदान | १२०४००००.०० | | | ग) विविध खर्च खाता | २३४२१५४.८६ | |
| | ग) समपुरक अनुदान | १००००००००.०० | | | घ) प्रकोष व्यवस्थापन कोष | ५२३७६९.८६ | |
| ५ | अन्य | | | | ङ) धरौटी मौज्दात | ८७९६७३०.७१ | |
| | क) सडक बोर्ड नेपाल | | ७२००००.०० | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | १३४६३३५४.६३ | | | | |
| | विविध खर्च | ७९६३३५४.६३ | | | | | |
| | प्रकोष व्यवस्थापन कोष | ५५००००० .०० | | | | | |
| ७ | विषयगत निकायबाट प्राप्त | | १११०३९०१३.०० | | | | |
| | ७.1. सामाजिक सुरक्षा | १०९१७४०१३.०० | | | | | |
| | 7.2. विद्यालय शिक्षा क्षेत्र योजना | ५१००००.०० | | | | | |
| | 7.3. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३५५०००.०० | | | | | |
| ८ | धरौटी आय | | ३४१८७८४.०० | | | | |
| | जम्मा | | ६३५१८५०७०.९६ | | जम्मा | | ६३५१८५०७०.९६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको विश्लेषण -**

३.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०,९१,७४,०१३।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु १३,५५,०००।००, तथा विद्यालय शिक्षा क्षेत्र कार्यक्रमको रु ५,१०,०००।०० समेत गरी रु. ११,१०,३९,०१३।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

(रु हजारमा)

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २९३५७ | २९३५७ | ०.०० |
| विविध खर्च खाता | २३४२ | २३४२ | ०.०० |
| विपद व्यवस्थापन खाता | ५२३ | ५२३ | ०.०० |
| स्थानीय विभाज्य कोष | ०.०० | ५७ | ५७ |
| धरौटी | ८७९६ | ८७९६ | ०.०० |
| जम्मा | ४१०२० | ४१०७८ | ५७ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । साथै एकीकृत आर्थिक विवरणले देखाएको अन्तिम मौज्दात रु. ४,१०,२०,४१६।८३ छ भने बैंक विवरण अनुसार रु ४,१०,७८,०३१।८५ देखाएकोले रु. २१५४०।४६ नगद मौज्दात तथा अन्य रु ३६,०७५।५४ समेत रु ५७६१५।०० फरक परेको सम्बन्धमा समेत यकिन हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,६१५ |

३.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको रु.३८६८१६१८।४४ मौज्दात रहेकोमा यो वर्ष रु.३९०८१८७४।०५ जिम्मेवारी सारेको छ । जस अनुसार गत वर्षको भन्दा रु.४००२५५।६१ बढी जिम्मेवारी सारेको सम्बन्धमा मौज्दात यकिन गर्नुपर्ने देखिएको छ ।

३.५ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ४,२३,३६९।०३, यस वर्षको प्राप्ति

रु. १८,०२,९५,९८४।७५, यस वर्षको भुक्तानी रु. १८,०४,७७,२९०।३३ तथा अन्तिम मौज्दात रु १,२५,०००।०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षकोजिम्मेवारी** | **यसवर्षकोप्राप्ति** | **यसवर्षकोभुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३,८६,५८,५०५.०२ | ४१,५८,०७,२१३.१६ | ४१,३६,६५,८२४.३२ | ४,११,६६,९५६.३१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३,९०,८१,८७४.०५ | ५९,६१,०३,१९७.९१ | ५९,४१,४३,११४.६५ | ४,१०,४१,९५६.३१ |
| फरक | ४,२३,३६९.०३ | १८,०२,९५,९८४.७५ | १८,०४,७७,२९०.३३ | -१,२५,०००.०० |
| | | | | |

४ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• पालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको नगरेको,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वियन अवस्था कमजोर रहेको,

• रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा पालीकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको छैन्।

• सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको¸

• पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको¸

• अधिकांशमा अनुगमन भ्रमण प्रतिवेदन पेस नभएको

• सवारी मर्मतमा लागत अनुमान तयार नगरेको

• अधिकांश कार्यक्रम सञ्चालन पूर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको

• विभिन्न कार्यक्रमहरूको अनुगमन वापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेस नभएको

• पालिकाको डोजर/ स्क्याभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १०५ वडाको लागि वडागत र पालिकास्तरका ११० योजना समेत कुल २१५ योजनामा रु. ९ करोड ४ लाख वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | | रु.५लाखभन्दा कमका योजना सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | | | योजना संख्या | विनियोजित बजेट | योजना संख्या | विनियोजित बजेट | योजना संख्या | विनियोजित बजेट |
| १ | पालिकास्तरीय | ११० | ४ | २ करोड ४७ हजार | २५ | २ करोड २८ लाख | ८१ | १ करोड ९८ लाख |
| २ | वडास्तरीय | १०५ | ० | | ४ | ३६ लाख १० हजार | १०१ | १ करोड ९३लाख |
| | जम्मा योजना | २१५ | ४ | | २९ | | १८२ | |
| | विनियोजित बजेट | ९ करोड ४ लाख | २ करोड ४७ लाख | | २ करोड ६४ लाख | | ३ करोड ९३ लाख | |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न

उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९९ योजनामात्र कार्यान्वियन भई १६ योजनामा विनियोजित बजेट रु १ करोड ७० लाख ६० हजारको योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

६ **संगठन तथा कर्मचारी व्यवस्थापन-**

६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४८ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३८ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

६.२ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | २ | ७ (अन्य कर्मचारीहरु काजमा) |

६.३ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४० कर्मचारीको रु.२७३३४२७३.८८, र पालिकाका ३८ कर्मचारीको रु.१८५८५८४०.४४ समेत रु.४५९२०११४.३२ खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा वास्तविक खर्च भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६.४ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.८०००००।- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

७ **कानून निर्माण एवं कार्यान्वयन-**

७.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, २ वटा नियमावली, २७ कार्यविधि लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

७.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको ११ गरी कुल १६ विवाद दर्ता भएकोमा ६ वटा मात्र फर्स्यौट भई १० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

७.३ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## ८ बजेट तथा कार्यक्रम

८.१ **यस प्रयोजनमा आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

८.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

८.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

८.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका

प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।१० मा रु. ५० करोड ११ लाख ९६ हजार ९१५ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

८.५ **लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | २३८ | २० | ० | ० | २१८ |

८.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३१२५९००० | २८३३२२९९ | ९०.६४ |
| २ | पूर्वाधार विकास | ५२४०५००० | ३३९६५९९६ | ६४.८१ |
| ३ | सामाजिक विकास | ३२०२८८००० | २७१६७१२७९ | ८४.८२ |
| ४ | बातावरण तथा विकास | ० | ० | |
| ५ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | १०२११००० | ९२५९३०९ | ९०.६८ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८६०१८२९१ | ७०५६१९४१ | ८२.०३ |
| जम्मा | | ५१०१८१२९१ | ४१३७९०८२३ | ८१.११ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ९०.६८ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटी ६४.८१ प्रतिशत रहेको छ।

८.७ **खर्च विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.६५०२७४१.३४ राजस्व बाँडफाँड र अनुदानबाट रु.४६०९५९३०३.९४ समेत रु.४६७४६२०४५.२८ आम्दानी भएकोमा चालु तर्फ रु ३२४१२१५६२.३२ र पूँजिगत तर्फ रु. ८९६६९२६२।- समेत रु.४१३७९०८२४।- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५७ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.८६९८०००।- खर्च भएको छ जुन आन्तरिक आयको १३३.७५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८९ प्रतिशत चालु र ६.०८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

८.८ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ८९६६९२६२ | २५००३९० | ६१५०२४३ | २०६४७४९४ | ६०३७११३५ | ३६३३९७७३ |
| प्रतिशत | १०० | २.७९ | ६.८६ | २३.०३ | ६७.३३ | ४०.५३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.८९६६९२६२।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२५००३९०।- (२.७९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६१५०२४३।- (६.८६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.२०६४७४९४।- (२३.०३ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.३६३३९७७३।- (४०.५३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

८.९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ८९६६९२६२।- पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

९ **अनुदानको अनुगमन**-

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.१८०००००।- अनुदान खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। पालिकाले अनुदान लिनेको नाम, प्रयोजन, संस्था आदि बारे सार्वजनिक गरेको समेत देखिएन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| जदब | अनुदान दिएको संस्थाको नाम र ठेगाना | विषय | सम्झौता रकम | अनुदान भुक्तानी | | |
|---|---|---|---|---|---|---|
| | | | | गत वर्षसम्मको भुक्तानी रकम | यस वर्षको भुक्तानी रकम | जम्मा भुक्तानी रकम. |
| १ | गौतम डेरी फर्म उधोग | भैसीखरिद र गोठ निर्माण | ५०००००.०० | विवरण नआएको | ५०००००.०० | ५०००००.०० |
| २ | श्रेष्ठ कृषी तथा पशुपक्षी फर्म | पाडाखरिद | ५०००००.०० | विवरण नआएको | ५०००००.०० | ५०००००.०० |
| ३ | मोली कृषी तथा पशुपक्षी पालन कृषक समुह | भैसीखरिद | ५०००००.०० | विवरण नआएको | ५०००००.०० | ५०००००.०० |
| ४ | भगवती कृषी तथा पशुपक्षी फर्म | गोठनिर्माण | १५००००.०० | विवरण नआएको | १५००००.०० | १५००००.०० |
| ५ | भगवती कृषी तथा माछा फर्म | गोठनिर्माण | १५००००.०० | विवरण नआएको | १५००००.०० | १५००००.०० |
| जम्मा | | | १८०००००.०० | | १८०००००.०० | १८०००००.०० |

१० **फोहरमैला व्यवस्थापन-**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

११ **सार्वजनिक परीक्षण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सबै निर्माण लगायत कार्यहरुको सार्वजनिक सुनुवाई भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१२ **औषधि खरिद-**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले हेल्पिङ्ग मल्टिप्रपोज प्रा.लि.सँग रु.१०५२३७३।- को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

१३ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ७३ जनालाई औसत ९४ दिनले ८७.४४ दिन औसत रोजगारी उपलब्ध गराई रु.४५९५७६०।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना

छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

१४ **कर संकलन तथा राजस्व**

१४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ८० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.६५०२७४१.३४ अर्थात अनुमान भन्दा १८.७१ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१४.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८६९३२६७८.८८ | ६५०२७४१.३४ | २.२७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१४.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २००००.०० | १२९६.७६ | ६.४८ |
| घरजग्गा वहाल कर | ३०००००.०० | ४९६२९९.११ | १६५.४३ |
| व्यवसाय कर | ०.०० | २०००.०० | २०००.०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१४.४ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी

राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।

१४.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४०४८५०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## १५ सम्पत्ति उपयोग र संरक्षण

१५.१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

१५.२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कुनै प्रकारबाट कार्यालयमा प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसमान को विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सातदिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ। जिन्सी मालसमान कार्यालय प्रमुखको रेखदेखमा भण्डार प्रमुखले जिम्मा लिनुपर्ने, मूल्य नखुलेको सम्पत्ति कार्यालय प्रमुखबाट मूल्य कायम गरी श्रेस्ता राख्नुपर्ने, नियम ९९ मा जिन्सी मालसामानको निरिक्षण गर्नुपर्ने, नियम १०१ मा जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्नुपर्ने लगायतका जिन्सी श्रेस्ता सम्बन्धी व्यवस्था छ। जिन्सी श्रेस्ता व्यवस्थित गर्न मलेप फारम नम्बर ४०१ देखी ४१८ सम्म फारमहरु लागू भएको छ भने जिन्सी हिसाब तथा स्रे्स्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS V2 लागू गरेको छ। जिन्सी निरीक्षण प्रतिबेदनले उल्लेख गरेअनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारबाही अगाडी बढाउनुपर्ने देखिन्छ।

१५.३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्थाको विवरण पेश भएन । यसतर्फ पालिकाले विवरण अध्यावधिक गरी कानूनको परिपालनामा ध्यान दिनुपर्दछ।

## १६ पत्रपत्रिका छपाई-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावलीको नियम ८ मा रू. १० लाख भन्दा बढिको खरिद गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धालाई सिमीत हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने उल्लेख छ। पालिकाले बोलपत्रको सूचना जनचेतना, अनुरोध लगायतका विभिन्न सन्देशमूलक सामग्री प्रकाशनका लागि विभिन्न मिडिया फर्मलाई पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट रू १४९९७२२।- खर्च गरेको छ। सूचना लगायतका सामग्री प्रकाशनका लागि दररेट माग गरी उक्त खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

१७ **पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछ्यौंट गर्नुपर्ने र ढिलो गरेकोमा नियम ५१ बमोजिम १० प्रतिशतका दरले व्याज असुली गरी पेश्की फछ्यौंट गर्नुपर्ने साथै सोही नियमावलीको नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २११ अनुसार गत वर्षसम्मको पेश्की रु १३,४२,२८२।०० बाँकी देखिएको छ भने यस वर्ष म्याद ननाघेको पेश्की रु ३०,००,०००।०० तथा म्याद नाघेको पेश्की रु ४६,८८,२९०।०० समेत कुल पेश्की रु ९०,३०,५७२।०० बाँकी देखिएको छ ।गत विगत वर्षदेखिको पेश्कीको एकीकृत अभिलेख व्यवस्थित गरी यो वर्ष दिएको म्याद नाघेको पेश्की रु. ४६,८८,२९०।०० नियमानुसार फछ्यौंट गर्नुपर्ने रु...........

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| 1 | कर्मचारी | | | |
| १ | ०८/१६/२०८१ | गर्भवतीलाई अण्डा वितरण | देव बहादुर वस्नेत | १००००. |
| २ | ०८/१६/२०८१ | सुत्केरी कोशेली भेट | देव बहादुर वस्नेत | १०००००. |
| ३ | ०८/१६/२०८१ | गर्भवतीलाई अण्डा वितरण | पुजा कुमारी यादव | १५०००. |
| जम्मा | | | | १२५०००. |
| २ | ठेकेदार | | | |
| १ | ०२/०७/२०८२ | मानेभन्ज्याङ गाउँपालिकाको शिक्षामा पहुँचसमावेशीकरण र गुणस्तर सुधार कार्यक्रम | अकुर देउती बजई जे.भि. | ३०००००० . |
| जम्मा | | | | ३०००००० . |
| ३ | संस्थागत | | | |
| १ | ०३/२५/२०८२ | मानेभन्ज्याङ गाउँपालिकाको शिक्षामा पहुँचसमावेशीकरण र गुणस्तर सुधार कार्यक्रम | पाथफाइण्डर नेपाल सर्भिस प्रा.लि. | ३२००००. |
| २ | ०३/२५/२०८२ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | पाना एकेडेमी प्रा .ली. | ५१२९०. |
| जम्मा | | | | ३७१२९०. |
| ४ | उपभोक्ता समिति | | | |
| १ | ११/१६/२०८१ | कालिका युवा क्लव रजत जयन्ती-२०८१ | श्री कालिका युवा क्लव | ११५०००. |
| २ | ०३/२३/२०८२ | ग्याल्मु झो.पु. वडा नं.१ हेर्गजा खोला वडा नं. १ र २ को पंखु खोला पंखुखोला वडा नं १ तित्रीबोट वाक्सा भालुखोला झो.पु. चनौटे घामताप्ने जोड्ने वडा न-८ र ९ | चनौटे घाम ताप्ने झोलुङ्गे पुल उपभोक्ता समिति | ८२७०००. |
| ३ | ०३/२५/२०८२ | कालिका युवा क्लव रजत जयन्ती-२०८१ | श्री कालिका युवा क्लव | २५०००० |
| जम्मा | | | | ११९२००० |
| कुल जम्मा | | | | ४६८८२९० |

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ४६,८८,२९० |

१८ **ठेक्का व्यवस्थापन-**

१८.१ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धात्मक तरिकाले आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ०.९० देखि ५२.८९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| सि नं | ठेक्का नं | ठेक्काको विवरण | निर्माण कर्ताको नाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | MRM/SQ/MLKT/28/081-082 | Sanitary Pad procurement -81/82 | Angel Touch Hygiene Manufacturing Pvt.Ltd. | 738,436.92 | 562588.81 | 23.81 |
| २ | MRM/SQ/MLKT/19/081/082 | Supply and Delivery of Chhapae machine, laptop Kharid Tatha Computer Kharid | Rimal Enterprises Baneswor-10 Kathmandu | 1,515,900.00 | 1502222 | 0.90 |
| ३ | MRM/SQ/TSBM/17/081/082 | Shree sahidsmriti Aabi Satsalle marmat ,Shree Bhim Aadarsa Aabi Khachapu marmat, Shree Thulojure kalikasthan Gherabar and Shree Mangala Aabi Phasku marmat (ward no - 7,3,4 and 1 respectively) | K.B.G. Construction & Suppliers Pvt.Ltd. Thimi-01 Bhaktapur | 1,267,439.37 | 1226274.31 | 3.25 |
| ४ | MRM/SQ/DJ/16/081/082 | Shree Dudhkoshika Aabi Sokmatar Bhautik nirman and Shree janata Aabi Thakle sauchalaya nirman (ward no-6) | K.B.G Construction and suppliers Pvt.Ltd. | 1,689,614.28 | 1560030.54 | 7.67 |
| ५ | MRM/SQ/SMB/15/081/082 | Shree Shibaduti Aabi Raghabpur Bhautik nirman & Shree Bidhyakalika Devi Aabi Tilpingdanda gate nirman and Shree Manorachana Aabi Dumkhim marmat (ward no -8 and 9 Respectively) | Simana Nirman Sewa Pvt.Ltd. Madhyapur Thimi Bhaktapur Nepal | 1,614,188.18 | 1525278.07 | 5.51 |
| ६ | MRM/SQ/MTKSK/14/081/082 | Masalanda Tatha karyalaya samagri Kharid | Razz Trade and Suppliers Pvt.Ltd. Tokha 3 kathmandu | 2,051,140.40 | 1168713.80 | 43.02 |
| ७ | MRM/SQ/POHDP/12/081/082 | HDPE Pipe Procurement (Supply and Delivery At Manebhanjyang R.M, Ward No-01 to m 09 Specified Locations) | M.M. Plastic Udhyog Pvt.Ltd. Biratnagar Nepal | 810,533.18 | 599059.33 | 26.09 |
| ८ | MRM/NCB/PKMKPLY/11/081/082 | Pankhukola Moli khanepani Lifting (Adhuro) Yojana Construction | Narbada Construction Sewa,maitidevi-33 Kathmandu - Nepal | 10,413,256.48 | 4905179.49 | 52.89 |
| ९ | MRM/SQ/MPKPP/09/081/082 | Moli Phosku Khanepani Pipe Kharid (Supply and Delivery At Manebhanjyang R.M-01 Specified Locations) | Arohan Construction and suppliers Pvt.Ltd Kageswori Manohara Mun -05 Kathmandu | 1,439,376.37 | 1063578.6 | 26.11 |
| १० | MRM/SQ/POGB/08/081/082 | Procurement of Gabion Boxes for Manebhanjyang Rural Municipality Disaster | Arohan Construction and suppliers Pvt.Ltd Kageswori Manohara Mun -05 Kathmandu | 1,690,412.77 | 1260656.25 | 25.42 |
| | MRM/NCB/MKBTM/07/081/082 | Manebhanjyang -8 | S.B. Baral | 4,797,222.55 | 2,937,034.98 | 38.78 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | | Kalikadevi -Bhalukhola-Tiptar to Maolung Ekbar Harkapur Piple road Maintainence | Construction & suppliers PVT. LDT. Kathmandu Nepal | | | |
| १२ | MRM/NCB/MP/06/081/082 | Medicine Procurement (Aadharbhut Tatha Aakashik Swasthya Sewako lagi Aushadhi kharid - Supply and Delevary | Helping Multipurpose Pvt.Ltd. | 2,549,251.75 | 1783701.4 | 30.03 |
| १३ | MRM/SQ/ZOARCW/02/081/082 | Zipline Operation and Revenue Collection Works | Bibek Bikram Sewa siddhicharan Municipality-11 Okhaldhunga Nepal | 710,000.00 | 713030.00 | -0.43 |
| १४ | MRM/SQ/JKJ/01/081/082 | Jadibuti kawadi ra jibjantu kar sankalan garne karya | Shree Shrestha Builders Si.Na.Pa. 11 Okhaldhunga | 575,113.50 | 583,080.00 | -1.39 |
| | | जम्मा | | 31,861,885.75 | 21,390,427.58 | 32.87 |

१८.२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१८.३ **आयोजना हस्तान्तरण** - सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता समितिबाट रु. ६५२६९२८८।- खर्च गरी २१८ वटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन। जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ। सम्पन्न आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

१८.४ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

१८.५ **अधुरा आयोजना** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको

पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.११०६२९४२२.५२ का ३ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ। सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

| ठेक्का नं | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुधकोशी-हिलेपानी लिफ्टिङ्/प्याराडाइज इनोभिटिभ ए.म. जे.भि. | २७५१७८३६.१८ | २०७८/०५/१५ | २०८३/०३/१५ | |
| २. | मोलुङ-बालेथाम लिफ्टिङ्/खानी स्वामि नारायण जे.भि. | ७३७५०७१३.८० | २०७८/०२/०५ | २०८३/०३/१५ | |
| ३. | वडा कार्यालय भवन निर्माण (१,२,६ र ८) सप्नावती निर्माण सेवा | ९३६०८७२.५४ | २०८०/११/०४ | २०८१/०६/३० | पि.एस. बाहेक पि.एस. रकम २०८४९७३.५६ |
| जम्मा | | ११०६२९४२२.५२ | | | |

१८.६ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नम्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

१९ **म्याद थप** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले मोलुङ्ग बालेथुम्का लिफ्टिङ्ग खानेपानी योजनाको लागि खानी स्वामी नारायण जे. भी.सँग मिति २०८०।०३।०४ सम्म निर्माण सम्पन्न गर्नको लागि मिति २०७८।०२।०५ गते रु ७,३७,५०,७१३।८०(भ्याट समेत) मा सम्झौता भएकोमा प्रथम पटक मिति २०८०।०४।१७ को निर्णयले मिति २०८१।०३।१५ सम्म, दोस्रो पटक मिति २०८१।०४।३० को निर्णयले २०८२।०३।१५ सम्म समेत कार्य सम्पन्न नगरेकोले तथा थप आर्थिक व्ययभार नपर्ने गरी तेस्रो पटक २०८२।०४।०२ को निर्णयले मिति २०८३।०३।१५ सम्मको म्याद(अर्थात १५० प्रतिशतभन्दा बढी) म्याद थप गरेकोमा हालसम्म चौधौं रनिङ्ग बिलसम्म रु. ४,१९,२४,६६४।०० भुक्तानी भएकोमा लागभग ६० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ । पालिकाले म्याद थप गर्नु अगाडि उल्लिखित कुराहरुको बारेमा विश्लेषण नगरी कुनै कारण विना पटक पटक म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने

उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोर्याई रहेको अवस्था छ । समयमानै कार्यसम्पन्न गराउन निर्माण ब्यवासायीलाई समेत जिम्मेवार बनाउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

२० **मसलन्द तथा कार्यालय सञ्चालन खर्च** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा तथा पालिकास्तरमा आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामानहरुको अनुमानित विवरण, परिमाण एवं आवश्यकता पहिचान गरी एकमुष्ट प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिद्वारा अर्थात बोलपत्रद्वारा खरिद गरी वडा तथा पालिकास्तरमा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत मागफारामको आधारमा निकासी गरी खरिद एवं जिन्सी व्यवस्थापन गर्नुपर्नेमा आवश्यकताको आधारमा पटक पटक सोझै खरिद गरी रु. ११ लाख ३० हजार तथा पत्रपत्रिका छपाई सुचना प्रकाशन खर्च वापत रु १५ लाख समेत रु. २६,३०,३२४।०० खर्च गरेको देखियो । यसरी प्रतिस्पर्धात्मक खरिद विधि छनौट गरि पारदर्शी, प्रतिस्पर्धी एवं मितव्यायी ढङ्गले मसलन्द तथा कार्यालय सामग्री खरिद गरिनुपर्दछ ।

२१ **अभिलेख नराखेको**-

गाउँपालिकाको स्थापनाको समय देखि कृषकलाई सहकारी, समुह, उपभोक्ता समिति मार्फत वा सिधै २५, ५०, ७५ प्रतिशत वा सतप्रतिशत मुल्यमा मिनि टेलर, कम्वाईन मिनल, मल्टिक्रस थ्रेसर ट्र्याक्टर लगायतका सामाग्री उपलब्ध गराउँदै आएको छ। वास्तविक सिमान्तकृत कृषकलाई सहुलियतपूर्ण साधन प्रदान गरी उत्पादन लागत घटाई जीवन स्तर उकास्ने अभिप्रायले संघिय, प्रदेश तथा गाउँपालिका स्वयमले यस किसिमको कार्य वर्षेनी गर्दै आएको छ। तर पालिकासँग विगत तीन वर्षमा के कति कृषकले, के कति उपकरण तथा औजार प्राप्त गरेका छन् तिनको अभिलेख माग गर्दा कृषि शाखाले उपलब्ध गराउन सकेन। साथै कृषकलाई यस्ता सामाग्री उपलब्ध गराउदा वास्तविक लक्षित वर्ग पहिचान गरी मापदण्ड तयार गरी वितरण गर्नुपर्नेमा पालिकाले स्वविवेकले सामाग्री उपकरण वितरण गरेको छ। तसर्थ वास्तविक लक्षित कृषकको लगत तयार गरी प्राथमिकताको आधारमा उपकरण लगायतका सामाग्री वितरण गर्ने र सोको अभिलेख राख्नु पर्दछ। परीक्षण गरिएका निम्नानुसारका भौचरमा यस वर्ष पालिकाले देहायका सामान खरिद गरी कृषक छनौटको मापदण्ड तयार नगरी वितरण गरेको उदाहरण निम्न अनुसार छनः

| भौ.नं. र मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ११-२०८१।८।६ | रोसन सप्लायर्स एण्ड कोल्ड स्टोर | कम्वाईन मिल-२, मिनीटिलर-२, मल्टीक्रप थ्रेसर-१८ | ९०४००० |
| २२२-२०८२।३।२२ | के.एन.पी. मेशीनरी | मिनि टेलर -१५ ६ एचपि | ४४५००० |
| १७१-२०८२।३।१७ | प्रिय चांगेस्थान कृषी फार्म सोलु | मिनिटिलर-१ | ६८००० |
| १७१-२०८२।३।१७ | प्रिय चांगेस्थान कृषी फार्म सोलु | पानी तान्ने मोटर-१ | २८००० |

२२ **उपभोक्ताको काम ठेक्का मार्फत**-

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिका लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने उल्लेख छ। कुनै निर्माण व्यवसायी वा सव कन्स्ट्रयाक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ। साथै नियम ९७(६) मा उपभोक्ताले पेस गरेको कार्य बिल भरपाई परिक्षण गरेर मात्र निर्माण कामको भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले निर्माण व्यवसायीबाट गराएको केही कामको परीक्षण गर्दा उपभोक्ताले सम्झौता गरी निर्माण व्यवसायीबाट काम गराई रु. ७३७६३१६।- भुक्तानी दिई अनियमित काम गरेको छ। यस सम्बन्धमा गत वर्षको महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदनमा व्यहोरा उल्लेख भएकोमा सुधार भएको छैन। उपभोक्ताले रकम भुक्तानी लिन पेश गरेको कार्य विल, बिल भर्पाई लगायतको कागजात परीक्षण गर्दा कार्य बिलमा मानिसले काम गरेको देखिदैन। सबै काम मेशिनबाट कटिङ्ग मात्र गरेको देखिएको छ। विडिङ्गबाट यस्तै काम गर्दा ५२.८९ प्रतिशत सम्म घटीमा काम भएको छ। उपभोक्ताले लागत अनुमानमा काम लिई ठेकेदार मार्फत काम गराउदा निर्माण कार्य मितव्ययी नहुनाको साथै नियम विपरित गराएको काम अनियमित देखिएको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | ठेकेदार कम्पनीको नाम | कामको विवरण | भुक्तानी |
|---|---|---|---|---|
| २६५-२०८२।३। २४ | समलभञ्ज्याङ वोझेखोला माझीगाउँ कृषि सडक वडा नं. ८ | वाम्बुले कन्स्ट्रक्सन प्रा.लि. | कटिङ्ग | ३८५००० |
| ३४८-२०८२।३। २३ | पुलामी डाँडा जल्देनी कृषी सडक | जय कृष्ण विल्डर्स प्रा.लि. | कटिङ्ग | ५००२०० |
| ३१९-२०८२।३। २० | घगेरी चौर खयापु सडक निर्माण | एस.वि. बराल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | कटिङ्ग | ६८३६९० |
| ३१५-२०८२।३। १९ | हुम्लुङ्ग कृषि सडक निर्माण | जय कृष्ण विल्डर्स प्रा.लि. | कटिङ्ग | ३८८००० |
| ३०७-२०८२।३। १५ | बर्ना पंखुखोला कृषि सडक | जय कृष्ण विल्डर्स प्रा.लि. | कटिङ्ग र ग्याविन | २८५०९९ |
| २९७-२०८२।३। ९ | ७ नं. वडा खानेपानी व्यवस्थापन | त्रिनेत्र ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स, प्यूठान | डिपवोरिङ्ग | १४४५६०० |
| २५५-२०८२।३। २३ | राधवपुर खर्क दिप मटिर बाटो निर्माण वडा नं. ८ | वाम्बुले कन्स्ट्रक्सन प्रा.लि. | कटिङ्ग | ३५१९४० |
| १९२-२०८२।२। ५ | बाइलि सडक निर्माण योजना | के.वि.जि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | कटिङ्ग | ४८००० |
| १८३-२०८२।२। २ | भटकेला स्वांरा सडक निर्माण | वाम्वुले कन्स्ट्रक्सन प्रा.लि. | कटिङ्ग | १६३९८५ |
| १७२-२०८२।२। १ | सिमकाकु सडक निर्माण | वाम्बुले कन्स्ट्रक्सन प्रा.लि. | कटिङ्ग | ७६८००० |
| १६६-२०८२।१। १९ | च्यान्तुमाल सडक वडा नं. ४ | वाम्बुले कन्स्ट्रक्सन प्रा.लि. | कटिङ्ग | ७२७४७० |
| १५२-२०८२।१। १९ | बाइलि सडक निर्माण | के.वि.जि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | कटिङ्ग | ३८१८६१ |
| १४४-२०८२।१। १५ | आलेटोल खनापु महासिर कृषि सडक | वाम्बुले कन्स्ट्रक्सन प्रा.लि. | कटिङ्ग | २८८००० |
| १४३-२०८२।१। १९ | दार्वु रिनुवाल सडक निर्माण वडा नं. ३ | के.वि.जि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | कटिङ्ग | १९१४७० |
| ९३-२०८१।११। १५ | खेतीघर धुसेनी सडक निर्माण वडा नं. ९ | वाम्बुले कन्स्ट्रक्सन प्रा.लि. | कटिङ्ग | ७६८००० |
| जम्मा | | | | ७३७६३१५ |

| | |
|---|---|
| अनियमित भएको | ७३,७६,३१५ |

२३ **बढी दरमा फर्माको कामको भुक्तानी-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा गर्नुपर्ने उल्लेख छ।कार्यालयले निम्न योजनाहरुको फर्माको कार्यमा सिंचाई विभागबाट

स्वीकृत बुँदा नं ८ को भर्टिकल सर्फेस वालको नर्म्स राख्नुपर्नेमा सो नराखी सडकको नर्म्स राखेर दर विश्लेषण गर्दा फर्माको कार्यको दर प्रति वर्ग मिटर रु. ६५४.५८ हुनुपर्नेमा रु. ७२७.४४ भएकोले प्रति वर्ग मिटरमा रु ७२.८६ बढी भुक्तानी भएको देखियो ।अतः बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| भौचर नं. र मिति | उपभोक्ता समितिको नाम | फर्माको परिमाण (ब.मी) | हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| संघ, प्रदेश र गा.पा. | अगुखोला मसार कल्से ज.उ.स. | ७२७.४४ | ६५४.५८ | ७२७.४४ | ७२.८६ | ५३००१.२७ |
| संघ, प्रदेश र गा.पा. | कान्लेकुलो धमीले गाउँसाना ज.उ.स. | १६१.१७ | ६५४.५८ | ७२७.४४ | ७२.८६ | ११७४२.८४ |
| संघ, प्रदेश र गा.पा. | आम्बोटे खोला भण्डारे ज.उ.स. | ७२७.४४ | ६५४.५८ | ७२७.४४ | ७२.८६ | ५३००१.२७ |
| संघ, प्रदेश र गा.पा. | बाँडदह साना ज.उ.स. | ८७७.१६ | ६५४.५८ | ७२७.४४ | ७२.८६ | ६३९०९.८७ |
| जम्मा | | | | | | १८१६५५.२५ |
| | | | | | असुल गर्नुपर्ने | १,८१,६५५.२५ |

२४ **व्यवस्थापन खर्च-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धी व्यवस्था रहेको छ। उक्त नियम बमोजिम उपभोक्तालाई निर्माण कार्यसँग सम्बन्धित खर्च मात्र भुक्तानी गर्न सकिने देखिन्छ । यस पालिकाले सञ्चालन गरेको Small Irrigation Program (SIP) Phase II तर्फ निम्नानुसार योजनामा उपभोक्ता समितिलाई व्यवस्थापन बापत कुल निर्माण खर्चको २ प्रतिशतका दरले व्यवस्थापन खर्च भुक्तानी गरेको देखियो । सम्झौताको साथ पेश भएको कागजातमा अर्थ मन्त्रालय र नेपालस्थित स्वीट्जरल्याण्ड राजदुताबास बिच भएको समझदारीपत्रको बुँदा नं. ९७ मा “2% of the total construction cost is used as the management cost by the Water User Association. This was based on the schedule 1- use of contingency fund as per the Local Resource Mobilization Guidelines, 2069. WUAs can use this for travel cost of WUA members, WUA Stationery and communication, honorarium for Cos, Public hearing and audit costs, Project information based and so on” भनी उल्लेख गरेको आधारमा उक्त २ प्रतिशत व्यवस्थापन शुल्क खर्च गरेको कार्यालयले जनाएको छ । उक्त स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ हाल खारेज भईसकेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा समेत उपभोक्ता समितिलाई व्यवस्थापन खर्च दिने व्यवस्था नभएकोले कार्यालयले देहायका चार उपभोक्ता समितिलाई रु. २५१८०५.९४ गरेको खर्च ऐन तथा नियमावलीसँग बाझिएको देखिएको र उपभोक्ताबाट निर्माण कार्य गराउँदा उपभोक्ताको पनि जनसहभागिता परिचालन हुने र राज्यको कम स्रोत परिचालन गरी बढी उपलब्धी हासिल गर्ने भन्ने सार्वजनिक खरिद ऐन तथा नियमावलीको मनसाय बमोजिम नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौचर नं. र मिति | उपभोक्ता समितिको नाम | व्यवस्थापन खर्च |
|---|---|---|
| संघ, प्रदेश र गा.पा. | अगुखोला मसार कल्से ज.उ.स. | ४८०४७.६२ |
| संघ, प्रदेश र गा.पा. | कान्लेकुलो धमीले गाउँसाना ज.उ.स. | ५२६९९.४६ |
| संघ, प्रदेश र गा.पा. | आम्बोटे खोला भण्डारे ज.उ.स. | १०२२०४.८६ |
| संघ, प्रदेश र गा.पा. | बाँडदह साना ज.उ.स. | ४८८५४.०० |
| जम्मा | | २५१८०५.९४ |

२५ **सोझै खरिद-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रू. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. २० लाख सम्म सिलबन्दी दरभाउभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासँग सीमाभन्दा बढि सोझै खरिद गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले पूजिँगत र चालु

किसिमका विभिन्न वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई देहायका फर्महरुबाट सोझै खरिद गरेको देखिन्छ। पालिकाले एकै किसिमका सामग्रीहरु लागत अनुमान बनाई बोलपत्र आह्वान विधिबाट खरिद गर्नुपर्दछ। केही उदाहरण निम्न अनुसार छन्

| भौ.नं. र मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३८६-२०८२।३।२५ | न्यूटेक इन्टेरिअर एण्ड फर्निसिङ्ग | टेबुल कुर्सी- १० सेट | ४०१७९० |
| ३५८-२०८२।३।२४ | ओम सिटी सेन्टर अर्डर एण्ड सप्लायर्स | डेल कम्प्युटर-२ प्रिन्टर-१ | ३११४०५.४ |
| ३५३-२०८२।३।२३ | मितेरी डेभ्लपर्स एण्ड सप्लायर्स | ब्याडमिन्टन म्याट | ५५०००० |
| ३४२-२०८२।३।२२ | नुम्बर नेटवर्क प्रा.लि. | इन्टरनेट जडान | ४४८२५८ |
| ३३७-२०८२।३।२२ | होम्स एल्मुनियम एण्ड डेकोर | पार्टिसन | २६९५६५ |
| ३३६-२०८२।३।२२ | होम्स एल्मुनियम एण्ड डेकोर | पार्टिसन | ५९९५७५ |
| ३७२-२०८२।३।६ | शिव विनोद सप्लायर्स | ब्याट्री लगायत | १४९५०० |
| २३६-२०८२।२।२२ | ओम सिटी सेन्टर अर्डर एण्ड सप्लायर्स | ल्यापटप मोबाईल | २४५००० |
| १९३-२०८२।११।२५ | ओम सिटी सेन्टर अर्डर एण्ड सप्लायर्स | ल्यापटप | ११८६५० |
| १०२-२०८२।११।१५ | गोविन्द हार्डवेयर सप्लायर्स | हिलट्याङ्की १००० लि. ५८ वटा | ४४९६९१ |
| ७२-२०८१।१०।८ | शिव विनोद सप्लायर्स | सोलार प्यानल लगायत | १३७७३८ |
| २५१-२०८२।३।२५ | लिप्जु फर्निचर उद्योग | फर्निचर-३८ | २२७९६८.४६ |
| | होम्स एल्मुनियम एण्ड डेकोर | कार्पेट | ६६८७९३.०६ |
| जम्मा | | | ४५७७९३४ |

यस सम्बन्धमा महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदनमा गत वर्ष पनि कैफियत औंल्याएकोमा स्थिति यथावत छ। यस सम्बन्धमा पालिकाले नियमको परीपालना गर्नुपर्दछ।

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष ७३ जना सेवा ग्राहीलाई रोजगार उषलब्ध गराई औषत ९४ दिनको रु.४५९६०००।– भुक्तानी दिएको छ। यस कार्यक्रमबाट गाउँपालिका पुँजीगत शिर्षकबाट सामग्री तथा निर्माण सामाग्री खरिद समेत ३ वटा आईरन ट्रष्ट (गोठ) र १३ गोटा सडक मर्मत सहित १६ योजना सम्पन्न भएको देखाएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्

२६.१ योजनाको लागत अनुमान तयरा गर्दा प्रत्येक कामको दर विश्लेषण अनुसार श्रम खर्च र सामग्री खर्च खण्डीकृत गरी अलग अलग गर्ने र काम सम्पन्न भएपछि कामको नापी गरी स्वीकृत दर विश्लेषणको आधारमा सामग्रीको मुल्य र श्रमको मूल्य निकाली श्रमिक खर्च बैङ्क खातामा सिधै ईएफटी गर्ने र सामग्रीको खर्च सम्बन्धित उपभोक्ता समिति वा सामान आपूर्ति कर्तालाई भुक्तानी दिनु पर्दछ। पालिकाले यसरी समग्र कामको श्रमिकको मुल्य र सामग्रीको मुल्य खण्डिकृत गरि अभिलेख नराखेको कारण श्रमिकलाई दिएको मूल्य र निर्माण सामाग्री वापतको भुक्तानी रकम बारे एकिन गर्न सकिएन।

२६.२ यस कार्यक्रमबाट योजना सञ्चालन गर्दा अधिकतम श्रममुलक काम गर्नुपर्नेमा पालिकाले आईरन ट्रष्ट (गोठ) जस्ता काम गराई अधिकांश निर्माण सामग्री खरिद गर्नुपर्ने र दक्ष कामदारको भुक्तानी गर्नुपर्ने देखियो यस्ता कार्यक्रम सञ्चालन गर्दा अधिक श्रममुलक कार्य गराउन पालिकाले ध्यान दिनुपर्दछ।

२७ **राजस्व-**

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र प्राप्त हुने प्राकृतिक स्रोत जस्तै ढुङ्गा, बालुवा, माटो, गिट्टी, काठ आदिको बिक्रि वितरण हुँदा वा प्रयोग हुँदा प्रदेश ऐन अनुसार रोयल्टी शुल्क उठाउनु पर्दछ। यस जिल्लाका सिद्धिचरण नगरपालिका र चिशंखुगढी गाउँपालिकाले उपभोक्ताबाट काम गराउँदा प्रयोग हुने ढुङ्गा, गिट्टी, बालुवा आदि निमार्ण सामाग्रीको प्रयोगको परिमाणको आधारमा रोयल्टी शुल्क असुल गरेका छन्। यस पालिकाले उपभोक्ताले वा निर्माण व्यवसायीबाट सार्वजनिक निर्माण गर्दा प्रयोग हुने ढुङ्गा, गिट्टी, बालुवा आदि निर्माण सामाग्रीको रोयल्टी शुल्क उठाएको देखिएन। तसर्थ यस्ता काममा प्रयोग हुने रोयल्टी उठाई पालिकाको आय वृद्धि गर्न विशेष ध्यान दिनुपर्दछ।

२८ **राजस्व-**

पालिकाले कवाडी र जिपलाईनरको रोयल्टीको लागि प्रतिस्पर्धाको विधिबाट राजस्व संकलन गरेकोमा निम्न अनुसार कैफियत देखिएको छ।

२८.१ **राजस्व ढिला दाखिला** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ को उपदफा ४ मा समयमा राजस्व दाखिला नगरेमा १० प्रतिशतको दरले जरिवाना असुल गर्नुपर्ने व्यवस्था छ। कर संकलन कवाडी र जीपलाईनरवापत राजस्व सम्झौता अनुसार ढिला राजस्व दाखिला गरेको देखिएकोले नियमअनुसार १० प्रतिशतको दरले जरिवाना असुल गरी सङ्घीय राजस्व कोष दाखिला गर्नुपर्ने रु.

| सि.नं. | कर संकलनको नाम | किस्ता रकम | बुझाउनुपर्ने मिति | बुझाएको मिति | ढिला दिन | जरिवाना रकम |
|---|---|---|---|---|---|---|
| 1 | विवेक विकास निर्माण सेवा (३०२१८१२४३) जिपलाईनर | पहिलो ३६०००० | २०८१।४।१ | २०८१।४।७ | ६ | ५९२ |
| | | दोस्रो १३५५०० | २०८१।७।३० | २०८१।१२।२१ | १४१ | ५२३४.३८ |
| | | तेस्रो १३५५०० | २०८२।११।१६ | २०८२।३।१६ | १०६ | ३९३५.०६ |
| **जम्मा** | | **६३००००** | | | | **९७६१.४४** |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **४,७००.५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,७६१.४४ |

२८.२ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु ८२०३० असुल नगरेकोले कानून बमोजिम ब्याज तथा जरिवानासमेत असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | कर संकलनको नाम | किस्ता | सम्झौता रकम | मु.अ.कर | दाखिला मिति | दाखिला गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| | विवेक विकास निर्माण सेवा (३०२१८१२४३) जिपलाईनर | पहिलो किस्ता | ३६०००० | ४६८०० | २०८१।४।१ | ४६८०० |
| | | दोस्रो किस्ता | १३५५०० | १७६१५ | २०८१।७।३० | १७६१५ |
| | | तेस्रो किस्ता | १३५५०० | १७६१५ | २०८१।११।३० | १७६१५ |
| **जम्मा** | | | **६३१०००** | **८२०३०** | | **८२०३०** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **६७,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,०३० |

२९ **उपभोक्ता समितिबाट खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति/लाभग्राही समुदायबाट श्रम मुलक काम गराउने व्यवस्था छ। नियममा उपभोक्ता समितिले आफु बसोबास गरेको स्थानमा आवश्यकताको आधारमा निर्माण कार्य वा सो सम्बन्धी सेवा मात्र गर्न पाउने तर मालसामान मात्र खरिद गर्न मात्र उपभोक्ता समिति गठन गर्न पाउने देखिदैन। पालिकाको केही खर्च भौचर परीक्षण गर्दा निम्नानुसारका उपभोक्ता समिति, लाभग्राही समुदायसमेतले निम्नानुसारका सामाग्रीहरु खरिद गरेको कार्य नियमावली विपरीत भएकोले यस्तो कार्य अनियमित भएको रु.

| **भौ.नं. र मिति** | **उपभोक्ताको नाम** | **विवरण** | **समान सप्लायर्सको नाम** | **रकम** |
|---|---|---|---|---|
| २८६-२०८२।३। ८ | टेन्ट तथा प्लाष्टिक फर्निचर खरिद व्यवस्थापन वडा नं.३ | प्लाष्टिक कुर्सि-११२, प्लाष्टिक टेबुल-१७ | करुणा अर्डर एण्ड सप्लायर्स | १४४००० |
| २४९-२०८२।२। २७ | मानेभञ्ज्याङ्ग बजार खा.पा. पाईप व्यवस्थापन वडा नं.५ | एचडीपीई पाईप खरिद-१५०० मिटर | गोविन्द हार्डवेयर स्पलायर्स प्रा.लि. | ३८४००० |
| २४६-२०८२।२। २६ | वेल्टार खानेपानी ट्यांकी तथा पाईप खरिद-९ | एचडीपीई पाइप १२५ मिटर | राजभण्डारी हार्डवेयर एण्ड सप्लायर्स | ४८००० |
| २२४-२०८२।२। २० | मगर संघ कुर्सि खरिद वडा नं.५ | प्लाष्टिक कुर्सि १०७ गोटा | करुणा अर्डर एण्ड सप्लायर्स | ९६००० |
| १८७-२०८२।२। २ | घुसेनी सिँचाई कुलो मर्मत | एचडीपीई पाईप १२० मिटर | आर.वि.अर्डर एण्ड सप्लायर्स | ४५२६० |
| १७०-२०८२।२। १ | मगर सामुदायिक साउण्ड सिस्टम खरिद वडा नं. ५ | साउण्ड सिस्टम | एक्स एल रेडियो सर्भिस | १९८००० |
| ११३-२०८२। ११।१६ | केतुके बजार खा.पा, वडा नं. ४ | एचडीपीई पाईप ६१०० मिटर | आर.वि.अर्डर एण्ड सप्लायर्स | २६९८६० |
| | | समरसिएवल पम्प २५ एचपी | एक्यूफलो टेक्नोलोजी प्रा.लि. | २६५००० |
| जम्मा | | | | १४५०१२० |

| | |
|---|---|
| अनियमित भएको | १४,५०,१२० |

३० **परामर्श तथा डीपीआरखर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई रकम भुक्तानी दिएको छ। तयार भएका डीपीआरको यस वर्ष बजेट राखी योजना सञ्चालन गरेको छैन।

| भौ.नं. र मिति | परामर्शदाताको नाम | विवरण | भुक्तानी | आयोजनामा खर्च हुने | कैफियत |
|---|---|---|---|---|---|
| ३८२-२०८२।३।२५ | ईग्लु ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. | जन्तरखानी खा.पा.को डिपिआर | ९००००० | ६१६३३३७५९ | प्रयोगमा नआएको |
| ३३४-२०८२।३।२२ | आकाश कन्सल्टेन्सी एण्ड ल्याब्रोटरी प्रा.लि. | सुनकोशी र दुधकोशी नदीको आई ई दी | ३८७८१२ | | प्रयोगमा नआएको |
| १३५-२०८१।१२।५ | इन्टेक सिभिल सलुमान प्रा.लि. | मोलुङ वाले सुम्फा लिफ्टीङ्गको डिपिआर | ४९३२४४ | ३६९८५५५ | प्रयोगमा नआएको |

३८२-२०८२।३।२५ जन्तरखानी खानेपानी आयोजनाको डि.पि.आर तयार गर्न रु. १८८७१००।– को मूल्यमा २ महिना भित्र कार्य सम्पन्न गर्ने गरी इग्लु इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.सँग मिनि २०८२।१।२६ मा सम्झौता भएको थियो। परामर्शदाताले योजनाको लागत अनुमान, ड्रइङ्ग, डिजाइन सहितको मस्यौदा प्रतिवेदन पालिकामा बुझाएको छ। लेखापरीक्षण अवधिसम्म उक्त योजनाको डिपिआरको अन्तिम प्रतिवेदन दिएको छैन। पालिकाले अन्तिम प्रतिवेदन जारि नगर्दै रु. ९०००००।– भुक्तानी दिएको छ। तसर्थ सम्बन्धित परामर्शदाताबाट अन्तिम प्रतिवेदन पेश गर्न लगाउने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००,००० |

### ३१ जर्मिनेशन टेष्ट

कृषकलाई व्रिडिङ वा अन्य प्रयोजनको लागि खरिद गरिने मकै, धान, गहुँ लगायत बिउविजन तथा मिनिकिट खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदी यस्ता फर्ममा नपाइएमा कृषि ज्ञान केन्द्रले तोकेका गुणस्तरिय बिउ बिजन उत्पादन गर्ने श्रोत केन्द्रबाट खरिद गर्नुपर्दछ। खरिद गरिएका बिउबिजनको जर्मिनेशनको परीक्षण पहिचान गरी हावापानी सुहाउदो स्थानमा उपयुक्त बिउ बिजन वितरण गरी सोको अभिलेख पालिकाको कृषि शाखामा राख्नु पर्दछ। तर पालिका, उपभोक्ता समिति र सहकारी संस्थाले निजी फर्म, पसल र व्यक्तिबाट बिउ बिजन खरिद गर्ने र वितरण गरेको भर्पाइ सम्म राख्ने गरेको संलग्न खर्च सम्बन्धी फाँटवारीमा देखिन्छ। यसबाट खरिद गरिएका बिउबिजन गुणस्तर युक्त भए नभएको, लक्षित वर्गले पाए नपाएको, वितरित बिउबिजनबाट अन्य समुदायले लाभ लिए नलिएको एकिन गरी सोको अवस्था बारे अनुगमन गरी प्रमाण पेश हुनुपर्दछ।

| भौ.नं. र मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १७१-२०८२।३।२२ | प्रिय चांगेस्थान कृषी फार्म सोलु | कालिका देवी कृषक समूह (स्थानीय आलु १६०० केजी) | ११२००० |
| १११-२०८२।१।१९ | प्रिय चांगेस्थान कृषी फार्म सोलु | मोदी कृषि तथा पशुपन्छी पालन (स्थानीय आलु १००० केजी) | ६०००० |
| १४९-२०८२।३।२ | प्रिय चांगेस्थान कृषी फार्म सोलु | पुलिवेसी कृषि तथा पशुपालन (खुमल आलु २३०० केजी) | १६१००० |

### ३२ मोबाइल खर्च

कर्मचारीलाई कार्यालयबाट मोबाईल खरिद गरी प्रयोग गर्न दिन पाउने सेवा सुविधा सम्बन्धि कानुनी व्यवस्था देखिँदैन। देहायका कर्मचारी तथा पदाधिकारीलाई निम्न अनुसारका मोबाईल खरिद गरी दिएको हुँदा नपाउने सुविधा वापतको रकम असुल गरी सम्बन्धित सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम, पद | विवरण | संख्या | रकम |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत विपिन कार्कि | Samsung Galaxy A56, %G | १ | ७१००० |
| २ | वडा अध्यक्ष वडा नं. ५ राम कुमार राई | Redmi pad pro 5G (6/128) with xiaomi pad keyboard | १ | ४६८८४ |
| ३ | प्राविधिक सहायक कल प्रसाद तिवारी | HONOR x9c 256/12 GB | १ | ४९००० |
| ४ | वडा अध्यक्ष वडा नं. २ राममणि राई | Samsung 25, 12/128 GB | १ | १०४९९९.६० |
| **जम्मा** | | | | **२७१८८४** |

| असुल गर्नुपर्ने | २,७१,८८३.६ |
|---|---|

३३ **जटिल काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा श्रममुलक तथा आफैले उपभोग गर्ने निर्माण कार्यको उपभोक्ता समितिबाट निर्माण कार्य गर्न सकिने व्यवस्था छ । पालिकाले श्रममुलक बाहेक उपभोक्तासँग प्राविधिक ज्ञान नभएको जटिल संरचनाहरु भवन जस्ता कार्यहरु पनि उपभोक्ताबाट गराई निर्माण कार्य गरेको छ । यस्ता निर्माण कार्यहरुको गुणस्तर जाँच परीक्षण समेत भएको छैन । यस प्रकारका कार्यहरु प्रतिस्पर्धाबाट गराउँदा न्यूनमा काम भएको छ । उपभोक्तालाई लागत अनुमान कै दरमा निर्माण कार्य गर्न सम्झौता गरिदिँदा निर्माण कार्य मितव्ययी समेत भएको देखिएन । तसर्थ यस्ता कार्य नियम सम्मत नदेखिएको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| २९८-२०८२।३।१० | जयराम स्वास्थ्य यूनिट भवन निर्माण वडा नं. ७ | भवन निर्माण | ३८४००० |
| २९२-२०८२।३।९ | थापागाउँ मन्दिर भवन निर्माण | भवन निर्माण | २८८००० |
| २६१-२०८२।३।३ | रिमोररुङ्ग युवा क्लब भवन निर्माण | भवन निर्माण | १९२००० |
| **जम्मा** | | | **८६४०००** |

| अनियमित भएको | ८,६४,००० |
|---|---|

३४ **बढी दरमा फर्माको कामको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा गर्नुपर्ने उल्लेख छ।कार्यालयले निम्न योजनाहरुको फर्माको कार्यमा सिंचाई विभागबाट स्वीकृत बुँदा नं ८ को भर्टिकल सर्फेस वालको नर्म्स राख्नुपर्नेमा सो नराखी सडकको नर्म्स राखेर दर विश्लेषण गर्दा फर्माको कार्यको दर प्रति वर्ग मिटर रु. ६५४.५८ हुनुपर्नेमा रु. ७२७.४४ भएकोले प्रति वर्ग मिटरमा रु ७२.८६ बढी भुक्तानी भएको देखियो ।अतः बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| भौचर नं. र मिति | उपभोक्ता समितिको नाम | फर्माको परिमाण (ब.मी) | हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| संघ, प्रदेश र गा.पा. | अगुखोला मसार कल्से ज.उ.स. | ७२७.४४ | ६५४.५८ | ७२७.४४ | ७२.८६ | ५३००१.२७ |
| संघ, प्रदेश र गा.पा. | कान्लेकुलो धमीले गाउँसाना ज.उ.स. | १६१.१७ | ६५४.५८ | ७२७.४४ | ७२.८६ | ११७४२.८४ |
| संघ, प्रदेश र गा.पा. | आम्बोटे खोला भण्डारे ज.उ.स. | ७२७.४४ | ६५४.५८ | ७२७.४४ | ७२.८६ | ५३००१.२७ |
| संघ, प्रदेश र गा.पा. | बाँडदह साना ज.उ.स. | ८७७.१६ | ६५४.५८ | ७२७.४४ | ७२.८६ | ६३९०९.८७ |
| जम्मा | | | | | | १८१६५५.२५ |

| असुल गर्नुपर्ने | १,८१,६५५.२५ |
|---|---|

३५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयबाट आन्तरिक लेखापरीक्षण भएकोमा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनुपर्नेमा फछ्र्यौट गराएको छैन।आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा यस प्रकार छन्।

३५.१ **बढी तलब भुक्तानी** – कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिक अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारी डिल्ली माया पुलामिको मिति २०८१।८।२ गते राजिनामा स्विकृत भएकोमा गो.भौ.नं.४७-२०८१।८।२५ बाट मंसिर महिनाको तलब भुक्तानी लेखेकोले बढी भएको तलब रु. २२९६८।– असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,९६८ |

३५.२ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको स्वामित्व लाभग्राहि समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै देहायका कार्य उपभोक्ता समिति मार्फत गराइ खर्च लेखेको पाईयो। उपभोक्ता मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। पालिकाले देहायका काम उपभोक्ता समिति मार्फत गराएको नियम सम्मत नदेखिएको रु.

| **भौ. नं. र मिति** | **कामको विवरण** | **रकम** |
|---|---|---|
| २८९-२०८२।३।८ | उदयपुर खोप क्लिनिक मर्मत | १९२००० |
| २८९-२०८२।३।१० | जयराम स्वस्थ्य युनिट भवन व्यवस्थापन | ३८४००० |
| २५२-२०८२।३।२३ | टोक्सेल वडा कार्यालय व्यवस्थापन | ७५१००० |
| **जम्मा** | | **१३२७०००** |

| | |
|---|---|
| अनियमित भएको | १२,२७,००० |

३५.३ **कर कट्टि नगरेको** – आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम फर्मलाई भुक्तानी दिँदा कर कट्टि गरि भुक्तानी गर्नुपर्नेमा पालिकाले इन्धन वापत देहायका फर्मलाई भुक्तानी गर्दा रु.५१२४०।– कर कट्टि नगरेको रकम असुल गर्नुपर्ने रु.

| फर्म | रकम |
|---|---|
| अर्पण आयल डिस्ट्रिब्युटर्स सेन्टर | ३४८९६ |
| खुश्बु फ्युल सप्लायर्स | १६३४४ |
| जम्मा | ५१२४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५१,२४० |

३६ **स्थानीय भत्ता** -

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।०३।२९ को निर्णयानुसार पत्र संख्या ब. त. २ तलब भत्ता २०७१।७२ च. नं. ६८ मिति २०७१।०५।०२ को पत्रानुसार स्थानीय भत्ता प्रयोजनको लागि ओखलढुंगा जिल्लालाई 'घ' वर्गमा राखिएको तथा उक्त वर्गिकरण अनुसार सदरमुकामबाट ६ कोष र सो भन्दा बाहिर 'घ' वर्गको स्थानमा कार्यरत कर्मचारीहरुलाई अनुसूची-४ बमोजिम तोकिएको देहायको दरमा स्थानीय भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा सो बमोजिम नगरी 'ग' वर्ग अन्तर्गत सदरमुकामबाट ६ कोष

बाहिरको दर बमोजिम स्थानीय भत्ता दिएकोले देहाय बमोजिम रु. १८,८९,२००।०० बढी भुक्तानी भएको रकम असुल गरी सम्बन्धित सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,८९,२०० |

३७ **कानूनी सल्लाहकार** -

३७.१ आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम नेपालमा स्रोत भएको बासिन्दा व्यक्तिलाई सेवा शुल्क वापत भुक्तानी गर्दा १५ प्रतिशतले अग्रिम आयकर कट्टा गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मदन कुमार राईलाई कानुनी सल्लाहकारको रुपमा सेवा प्रदान गरे वापत प्रति किस्ता रु २,६२,१३४।०० भुक्तानी दिने गरी सम्झौता गरे अनुसार रु ५,२४,२६८।०० भुक्तानी गरेको देखिन्छ । उक्त भुक्तानीमा १५ प्रतिशतको दरले रु ७८,६४०।०० अग्रिम कर कट्टा गर्नुपर्नेमा १ प्रतिशतले हुने रु ५,२४३।०० मात्रै कट्टा गरेकोले बाँकी रकम रु ७३,३९७।०० असुल गरि संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,३९७ |

३७.२ गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) मा पालिका प्रमुखले पालिकाको राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी एक जना स्वकीय सचिव राख्न सक्ने व्यवस्था रहेकोमा पालिकाले आफ्नो राजश्व र आन्तरिक आयको अवस्था विचार नगरीकनै देहायका व्यक्तिहरुलाई कानुनी सल्लाहकार तथा न्यायिक समितिको अभिलेख व्यवस्थापकको रुपमा नियुक्ति गरी रु ८,११,९६८।०० खर्च लेखेको देखिन्छ । पालिकाले उक्त कर्मचारीहरुको स्पष्ट कार्य विवरण तथा कार्यसम्पादन भए/गरेको व्यहोराको प्रतिवेदन समेत नदेखिएकोले उक्त खर्चलाई मनासिब मान्न नसकिएकोले यस्त खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | पदाधिकारीको नाम | पद | खर्च रकम |
|---|---|---|---|
| १ | श्री मदन कुमार राई | कानुनी सल्लाहकार | ५२४२६८.०० |
| २ | श्री बसन्ता कुमारी राई | अभिलेख व्यवस्थापक | २८७७००.०० |
| | जम्मा | | ८११९६८.०० |

३८ **बिल भरपाई** -

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्ति वा फर्मले कुनै वस्नु वा सेवा आपूर्ति गर्दा प्रापकलाई तोकिए बमोजिमको ढाचामा सक्कल बिल दिनुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षक अन्तर्गत मेलोडी ईन्टरनेशनल प्रा.लि. (६०६७३४८४४) लाई टेन्डर नोटिस पब्लिस गरे वापत रु. ३३१६६२।– भुक्तानी दिएको छ। संलग्न फाँटवारीमा मेलोडी ईन्टरनेशनलको मूल्य अभिवृद्धि कर रु. १९३३७।– सहित रु. १६८०८६।– फोटोकपि बिल भएकोले उक्त फर्मको मू.अ.कर तिरेको प्रमाण वा असुल भएको प्रमाण रु. १९३३७।– र फाँटवारीमा नभएको नपुग बिल रु. १६३५७५।– समेत रु. १८२९१२।– असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपरन्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८२,९१२ |

३९ **करार कर्मचारी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु. १ करोड १३ लाख ६५ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर,

इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा यस पालिकाले माथि उल्लेखित पद बाहेकको करारमा राख्न नमिल्नेमा ईन्जिनियर, हेल्थ असिस्टेन्ट, अ. न. मी., अ. हे. व. लगायतका अन्य प्राविधिक पदमा समेत कर्मचारी करारमा नियुक्त गरी रु. १०५४४८००।७७ खर्च गरेको कार्य नियमसम्म देखिएन । अतः पालिकाले अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको दरवन्दि यकिन गरी स्थायी पदपूर्ती गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरुजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १,०५,४४,८००.७७ |

४० **ईन्धन खर्च -**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०८१ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु. १०,९६,८०३।१६ तथा वडातर्फ रु. ५,५२,०००।०० समेत रु. १६,४८,८०३।१६ इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पालिकामा मोटर साइकल थान २१ स्कुटर थान २ चार पाङ्ग्रे सवारी साधन १ थान लगायतका २४ थान रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । जसले गर्दा इन्धन खर्चमा पालिकाले मितव्ययिता अपनाएको छ भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्न तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा प्रविष्ट नगरेकोले उक्त प्रणालीमा इन्धन खर्चलाई प्रविष्टी गरी पारदर्शि बनाउनु पर्दछ ।

४१ **आर्थिक सहायता -**

४१.१ मानेभञ्ज्याङ्ग गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि-२०८० को बुंदा नं ३(२) बमोजिम आर्थिक सहायता पाउन योग्य दीर्घ रोगीले आवश्यक कागजात सहित प्राप्त निवेदकको अवस्था हेरी रु १ हजार देखि बढीमा रु १० हजारसम्म आर्थिक सहायता दिन सक्ने, बुंदा नं ९ मा सामाजिक क्षेत्रको कार्यक्रम सहयोग स्वरुप बढीमा रु १० हजार दिन सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोषबाट रु १३,४५,०००।०० वितरण गरेको छ भने दीर्घरोगीलाई संघीय सरकारबाट प्राप्त अनुदानबाट यस वर्ष ३१ जनालाई रु १८,५५,०००।०० वितरण गरेको बाहेक दीर्घरोगीहरुलाई रु २२,०७,०००।०० समेत पालिकाबाट रु ३५,५२,०००।०० वितरण गरेको देखिन्छ, जुन पालिकाको आन्तरिक आय रु. ६५,०२,७४१।३४ को ५४.६२ प्रतिशत हुन आउँछ । आर्थिक सहायता लिनेको नाम पालिकाले प्रयोजन खुलाई सार्वजनिक समेत गरेको छैन। पालिकाले आन्तरिक आयको अवस्था यकिन गरी पालिकाले आर्थिक सहायता वितरण कार्यलाई पारदर्शि, मितव्ययी बनाउनुपर्दछ ।

४१.२ मानेभञ्ज्याङ्ग गाउँपालिका आर्थिक सहायत सम्बन्धी कार्यविधि-२०८० को बुंदा नं ३(२) बमोजिम आर्थिक सहायता पाउन योग्य दीर्घ रोगीले आवश्यक कागजात सहित प्राप्त निवेदकको अवस्था हेरि रु १ हजार देखि बढीमा रु १० हजारसम्म आर्थिक सहायता दिन सक्ने व्यवस्था रहेको छ ।पालिकाले आर्थिक सहायता वितरण गररेको केही नमुना परीक्षणको आधारमा देहाय बमोजिम कार्यविधिले तोकेको भन्दा बढी आर्थिक सहायता रु.१५००००।०० भुक्तानी गरेकोले नियमसम्मत देखिएन ।

| गो.भौ.नं./ मिति | विवरण | दिएको | दिनुपर्ने | बढी सहायता | |
|---|---|---|---|---|---|
| ३११।२०८१।११।१७ | प्रति विरामी रु १५ हजारको दरले २१ जनालाई | ३१५००० | २१०००० | १०५००० | दीर्घरोगी सहायता |
| ४७०।२०८२।०२।०२ | आदिवासी जनजाती युवा महासंघ नेपाल | ३५००० | १०००० | २५००० | सामाजिक कार्यक्रम |
| ५११।२०८२।०२।११ | किराँत राई साँस्कृतिक कलाकार संघ | ३०००० | १०००० | २०००० | सामाजिक कार्यक्रम |
| | जम्मा | | | १५०००० | |

४२ **डोजर सञ्चालन खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको नाउँमा १ वटा डोजर रहेकोमा सञ्चालन गर्दाको वार्षिक आय देखाएको छैन । तर पालिकाले सोको सञ्चालन गर्दाको मर्मत खर्च रु.९.०३.९६४।०० र त्यसको ईन्धन खर्च रु. १४,२१,६२८।०० समेत रु. २३,२५,५९२।०० खर्च गरेको छ । पालिकाले डोजर कहाँ, कहिले र कति समयको लागि सञ्चालन भएको व्यवस्थित अभिलेख राखेको देखिएन । पालिकाले डोजर जस्ता साधन सञ्चालन सम्वन्धमा सो सम्बन्धी कार्यविधि बनाई उपलव्ध सम्पत्तिको सदुपयोगमा समुचित ध्यान दिनुपर्ने देखिन्छ ।

४३ **वितरणमूखी खर्च** -

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सिर्जना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएको र पूर्वाधार विकासका आयोजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा वितरणमुखि योजना कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउने भएकोले कार्यालयले खेलकुद कार्यक्रम, विभिन्न दिवस संचालन, संस्कृति संरक्षण लगायतको कार्यक्रममा रु. १९ लाख ६० हजार खर्च लेखेको छ । उदाहरणमा देखाएको जस्तो वितरणमुखी कार्यक्रमको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | कार्यक्रम | रकम |
|---|---|---|
| १ | तिज विशेष कार्यक्रम-२०८१ | १८००००.०० |
| २ | मगर दिवस कार्यक्रम | १०००००.०० |
| ३ | मोली तीनकन्या मन्दिर पुजा सामग्री व्यवस्थापन | ३०००००.०० |
| | जम्मा | ५८००००.०० |

४४ **डोरम्याट खाता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. १८(३) अनुसार भत्ता वितरणको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले विगत वर्षमा निकासा भएको देहायका लाभग्राहीको डोरम्याट खातामा रु.६०९४५६.८१ रकम बाँकी रहेकोले सो रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| S.N. | MainCode | Name | Balance |
|---|---|---|---|
| 1 | 2480100000001119 | ANSU MAYA MAGAR | 9.35 |
| 2 | 2480100000007119 | ICHCHHA MAYA RAI | 87543.05 |
| 3 | 2480100000018119 | KHA MAYA MAGAR | 6577.60 |
| 4 | 2480100000047119 | NAHA JIT RAI | 247.37 |
| 5 | 2480100000051119 | PADAM LAL RAI | 87543.05 |
| 6 | 2480100000077119 | BHUPAL BAHADUR SHRESTHA | 87543.05 |
| 7 | 2480100000102119 | BUDDHI MAYA RAI | 15092.44 |
| 8 | 2480100000110119 | SAM RATNA RAI | 15078.15 |
| 9 | 2480100000134119 | ASUL RAI | 15.58 |
| 10 | 2480100000141119 | JHUKI MAYA DAMINI | 19996.11 |
| 11 | 2480100000201119 | SARITA RAI | 19996.11 |
| 12 | 2480100000222119 | ASMITA B.K | 868.59 |
| 13 | 2480100000223119 | YAM KUMARI B.K | 155.42 |
| 14 | 2480100000226119 | SALINA BISHWAKARMA | 84.67 |
| 15 | 2480100000228119 | SUJAN PARIYAR | 40.88 |
| 16 | 2480100000427119 | SADAN KUMARI BASNET | 9933.11 |
| 17 | 2480100000447119 | AINKIT B.K | 944.37 |
| 18 | 2480100000453119 | SAMIT DAYALI | 107.62 |
| 19 | 2480100000456119 | YUBARAJ BISHWOKARMA | 1488.91 |
| 20 | 2480100000457119 | YUNISHA B.K | 2436.17 |
| 21 | 2480100000491119 | CHANDRA MAYA KARKI | 14900.14 |
| 22 | 2480100000549119 | KUMARI KAMI | 14900.14 |
| 23 | 2480100000570119 | PAMAYA KARKI | 139.02 |
| 24 | 2480100000655119 | RADHA KUMARI KARKI | 9933.11 |
| 25 | 2480100000708119 | THAGENDRA SARKI | 7948.14 |
| 26 | 2480100000710119 | ABINA RAMTAL | 3.58 |
| 27 | 2480100000712119 | ASMITA B.K | 79.37 |
| 28 | 2480100000714119 | BHUMIKA B.K | 10.45 |
| 29 | 2480100000716119 | BINITA PARIYAR | 1450.56 |
| 30 | 2480100000721119 | JONISHA B.K | 240.45 |
| 31 | 2480100000722119 | JYOTI SARKI | 9.31 |
| 32 | 2480100000723119 | KAUSAL KAMI | 192.78 |
| 33 | 2480100000726119 | NIRAJ PARIYAR | 577.43 |
| 34 | 2480100000808119 | DIL BAHADUR TAMANG | 29631.39 |
| 35 | 2480100001071119 | ANAMOL B.K | 47.12 |
| 36 | 2480100001076119 | AYUSA BISHWAKARMA | 1649.07 |
| 37 | 2480100001078119 | ISNIKA SARKI | 4.50 |
| 38 | 2480100001080119 | LAXMI B.K | 9544.26 |
| 39 | 2480100001081119 | NABIN B.K | 3923.80 |

| | | | |
|---|---|---|---|
| 40 | 2480100001082119 | PUJAN B.K | 71.50 |
| 41 | 2480100001086119 | SAJAN SARKI | 3.19 |
| 42 | 2480100001088119 | UGEKA B. K | 424.28 |
| 43 | 2480100001187119 | JAYA BAHADUR BLON | 110.21 |
| 44 | 2480100001229119 | PANCHA LAL TAMANG | 14900.14 |
| 45 | 2480100001241119 | PURNI MAYA TAMANG | 2145.48 |
| 46 | 2480100001407119 | BIBEK B.K | 815.16 |
| 47 | 2480100001411119 | EMUNA DAMAI | 751.90 |
| 48 | 2480100001412119 | GITA MAYA BISHOKARMA | 866.87 |
| 49 | 2480100001414119 | KABIR KAMI | 848.37 |
| 50 | 2480100001420119 | POKREL BISHWAKARMA | 1938.42 |
| 51 | 2480100001433119 | JIBAN ROKA | 1313.99 |
| 52 | 2480100001648119 | DEBINA DAMAI | 3.91 |
| 53 | 2480100001649119 | HEM RAJ B .K | 18.76 |
| 54 | 2480100001650119 | HIRDAM AICHAME | 1105.36 |
| 55 | 2480100001653119 | KUSHAL KAMI | 7367.54 |
| 56 | 2480100001659119 | SALINA PARIYAR | 12.42 |
| 57 | 2480100001664119 | SOYAN BISHWAKARMA | 5806.28 |
| 58 | 2480100001667119 | YUBARAJ SARKI | 511.37 |
| 59 | 2480100001672119 | BISHNU PRASAD GAUTAM | 14900.14 |
| 60 | 2480100001686119 | EATI BISHWAKARMA | 145.70 |
| 61 | 2480100001693119 | INDRA KUMARI GAUTAM | 14900.14 |
| 62 | 2480100001805119 | AASHISH BISHWAKARMA | 8.76 |
| 63 | 2480100001807119 | DIKSHA BISHWAKARMA | 1.04 |
| 64 | 2480100001811119 | JIBAN KAMI | 96.27 |
| 65 | 2480100001813119 | KARISMA BISHWAKARMA | 63.37 |
| 66 | 2480100001814119 | KHUSAL SUNAR | 22.87 |
| 67 | 2480100001817119 | KUSHUM KAMI | 511.37 |
| 68 | 2480100001820119 | MANOJ B .K | 76.88 |
| 69 | 2480100001823119 | SABIN BISHWAKARMA | 37.01 |
| 70 | 2480100001825119 | SANDIP KAMI | 1.37 |
| 71 | 2480100001826119 | SIRJAN DARJI | 66.55 |
| 72 | 2480100001896119 | MAN BAHADUR BISHWAKARMA | 48200.80 |
| 73 | 2480100001934119 | PRAYUSA DARJI | 148.79 |
| 74 | 2480100001978119 | CHIJA MAYA SHRESTHA | 9981.94 |
| 75 | 2480100001992119 | GUNTE SARKI | 9986.32 |
| 76 | 2480100002179119 | ELISA B.K | 203.37 |
| 77 | 2480100002182119 | ISNIYA SARKI | 882.44 |
| 78 | 2480100002184119 | JEMSA B .K | 45.15 |
| 79 | 2480100002185119 | JESHALANTA SARKI | 352.92 |

| | | | |
|---|---|---|---|
| 80 | 2480100002188119 | KRISH SARKI | 42.10 |
| 81 | 2480100002190119 | KUSAM SARKI | 592.97 |
| 82 | 2480100002191119 | MANISHA SARKI | 9562.50 |
| 83 | 2480100002195119 | NISHCHAL SARKI | 1425.40 |
| 84 | 2480100002196119 | PRASHAN SARKI | 3.23 |
| 85 | 2480100002197119 | PRATIKSHYA PARIYAR | 5980.99 |
| 86 | 2480100002200119 | ROSHAN MAGARATI | 103.70 |
| 87 | 2480100002204119 | SHISHIR RANAPAL | 387.61 |
| 88 | 2480100002206119 | SULABHA SARKI | 3.94 |
| 89 | 2480100002207119 | UNISHA B.K | 14.32 |
| 90 | 2480100002305119 | SARKE TAMANG | 26.20 |
| 91 | 2480100002306119 | PANCHA DHWAJ RAI | 768.26 |
| 92 | 2480100002505119 | HARKA BAHADUR RAI | 11.02 |
| Total | | | 609456.81 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०९,४५६.८१ |

४५ **सामाजिक सुरक्षा**

**वितरण-** सामाजिकसुरक्षाकार्यक्रम संचालन तर्फ ८ वडाका लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न पालिकाले उपलब्ध गराएको EFT Success विवरण अनुसारप्रथम त्रैमासिकमा रु. २७२४१५८९।-,दोस्रो त्रैमासिकमा रु. २७३४९०६८।-, तेस्रो त्रैमासिकमा रु. २७२३७३९५।- र चौथो त्रैमासिकमा रु. २७२२६१४१।-समेत रु.१०९०५४१९३।- वितरण गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

४५.१ **बढी निकासा** – यस वर्ष पालिकाले देहायका त्रैमासिकमा लाभग्राहीको खातामा भत्ता वितरणको लागि ई.एफ.टी गर्दा पालिकाले उपलब्ध गराएको विवरण अनुसार देहायको त्रैमासिकमा रु.३७२७३।- निकासा भन्दा कम वितरण गरेको रकमको विवरण पुष्टि गर्ने अन्यथा असुल गरी सङ्घीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| **त्रैमासिक** | **निकासा** | EFTSuccess **वितरण** | **बाँकी** |
|---|---|---|---|
| चौथो | २७२६३४१४ | २७२२६१४१ | ३७२७३ |

